ऐन संख्या : २

प्रमाणिकरण मिति : २०७६।०३।२५

# लक्ष्मीपुर पतारी गाउँपालिकाको विनियोजन ऐन, २०७६

लक्ष्मीपुर पतारी गाउँपालिका

सिरहा

२ नं. प्रदेश

# <u>स्थानीय तहको विनियोजन ऐन</u>

**लक्ष्मीपुर पतारीगाउँपालिकाको आर्थिक बर्ष २०७६/२०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

<u>प्रस्तावनाः</u>

लक्ष्मीपुर पतारी गाउँपालिकाको आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम लक्ष्मीपुर पतारी गाउँसभाले यो ऐन बनाएको छ।

१.**<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१)यस ऐनको नाम "लक्ष्मीपुर पतारी गाउँपालिकाको विनियोजन ऐन, २०७६" रहने छ।

(२) यो ऐन सम्बत् २०७६ श्रावण १ गते देखि प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) "ऐन" भन्नाले लक्ष्मीपुर पतारी गाउँपालिकाको विनियोजन ऐन,२०७६ सम्झनुपर्छ ।

ख) "कार्यपालिका" भन्नाले लक्ष्मीपुर पतारी गाउँकार्यपालिका सम्झनुपर्छ ।

ग) "गाउँपालिका" भन्नाले लक्ष्मीपुर पतारी गाउँपालिका सम्झनुपर्छ ।

घ) "सभा" भन्नाले लक्ष्मीपुर पतारी गाउँपालिकाको गाउँसभा सम्झनुपर्छ ।

ङ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्छ ।

३.**<u>आर्थिक वर्ष २०७६।०७७ को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकार</u>**ः (१)आर्थिक वर्ष २०७६।०७७ को निमित्त गाउँकार्यपालीका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.४०,०१,६५,०९०।४८ (अक्षेरुपी चालिस करोड एक लाख पैसठी हजार नव्वे रुपैया अठचालिस पैसा मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम बाहेक प्रदेश सरकार वा संघिय सरकार वा अन्तरगर्तका निकायबाट कार्यक्रम तोकी बजेट संचित कोषमा प्राप्त भएको सोही कार्यक्रमको लागि संचितकोषबाट रकम खर्च गर्न बाधा पर्ने छैन्।

४. **<u>विनियोजन:</u>** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त लक्ष्मीपुर पतारी गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।

(४) पूँजिगतखर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(५)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको दश प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

५. **<u>आदेश जारी गर्न सक्ने:</u>** यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा स्थानीय सरकारले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा फुकाउन आवश्यक आदेश जारी गर्न सक्नेछ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चितकोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँकार्यपालिका | | | | |
| २ | | वडा समिति | | | | |
| ३ | | बिषयगतशाखा | | | | |
| ४ | | ऋणको सावाव्याजभुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | |